**विशिष्टीकरण तालिका**
**प्रथम त्रैमासिक परीक्षा २०८०**

**कक्षा : ६ विषय : नेपाली पूर्णाङ्क : ५० समय : २ घण्टा**

| क. सं. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षणीय पक्ष | प्रश्न सं. | उत्तर दिनुपर्ने प्रश्न सं. | अङ्क भार | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ | १ | १ | २ | पाठमा प्रयोग भएका चारओटा शब्द र तिनको अर्थसँग मिल्दो शब्द दिएर खाली ठाउँ भर्न लगाउने । |
| | | शब्द पहिचान | १ | १ | २ | पर्यायवाची, विपरीतार्थी, २/२ ओटा पर्ने गरी खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्यमा प्रयोग | १ | १ | २ | पाठमा प्रयोग भएका उखान/टुक्का, अनुकरणात्मक बाट १/१ ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| २. | वर्णविन्यास | शुद्ध शब्द पहिचान | १ | १ | १ | पाठमा प्रयोग भएका य/ए, ब/व, श/ष/स, पञ्चम वर्ण मध्ये कुनै दुईओटा बहुबैकल्पिक प्रश्न सोध्ने । |
| | | वाक्य सम्पादन | १ | १ | २ | एउटा शब्दमा एउटा अशुद्धि पर्ने गरी ह्रस्व, दीर्घ, लेख्य चिह्न, पर्ने गरी वाक्य सम्पादन गर्न लगाउने |
| ३. | भाषिक संरचना | पदवर्ग पहिचान | १ | १ | २ | नाम, सर्वनाम, विशेषण र क्रियापदबाट पदवर्ग पहिचान गर्न लगाउने । |
| | | काल, पक्ष र भाव पहिचान | १ | १ | २ | काल र पक्षबाट ४ ओटा पर्ने गरी सङ्केत अनुसार खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्यान्तरण | १ | १ | ३ | लिङ्ग/वचन/पुरुष/आदरबाट वाक्य परिवर्तन गर्न लगाउने । |
| ४. | पठनबोध दृष्टांश/अदृष्टांश) | व्याकरणिक बोध (भाषिक संरचना पहिचान) | १ | १ | ३ | गद्य विधाबाट बढीमा १२५ शब्दसम्मको अनुच्छेद दिई उपसर्ग र प्रत्ययबाट बनेका २/२ शब्द पहिचान, रेखाङ्कित शब्दको कारक र विभक्ति पहिचान गर्न लगाउने । |
| | | भाव प्रश्नोत्तर | १ | १ | ४ | गद्य विधाबाट बढीमा १२५ शब्दसम्मको अनुच्छेद दिई चारओटा प्रश्न सोध्ने । |
| ५. | बुँदा टिपोट | गद्य विधा | १ | १ | ४ | गद्य विधाबाट १०० शब्दसम्मको अनुच्छेद दिई चारओटा बुँदा टिपोट गर्न लगाउने । |
| ६. | निर्देशित रचना | जीवनी, संवाद | २ | १ | ३ | बुँदाका आधारमा जीवनी, संवादबाट दुई प्रश्न सोधी कुनै एकको उत्तर दिन लगाउने । |
| ७. | भावविस्तार/व्याख्या | भावविस्तार/व्याख्या | २ | १ | ३ | पाठमा प्रयुक्त विधाबाट कुनै दुई प्रश्न सोधी एकको उत्तर लेख्न लगाउने । |
| ८. | पाठगत बोध | सन्दर्भमा आधारित अतिसङ्क्षिप्त उत्तरात्मक | २ | १ | ४ | पाठमा दिइएका विधाबाट कुनै दुईओटा सन्दर्भ दिई एकओटाको उत्तर लेख्न लगाउने । |
| | | तार्किक शिल्प | १ | १ | ३ | पाठमा प्रयुक्त विधाबाट सन्दर्भ दिई आफ्ना विचार व्यक्त गर्न लगाउने । |
| | | सन्दर्भमा आधारित लामो उत्तरात्मक | २ | १ | ५ | पाठ्यपुस्तकमा प्रयुक्त विधाबाट सन्दर्भसहित कुनै दुईओटा प्रश्न सोधी एकको उत्तर दिन लगाउने । |
| ९. | निबन्ध लेखन | आत्मपरक र वस्तुपरक | ३ | १ | ५ | एक आत्मपरक र दुई वस्तुपरक निबन्धका शीर्षक दिई १२५ शब्दसम्मको निबन्ध लेख्न लगाउने । |
| जम्मा | | | २३ | १७ | ५० | |

**प्रथम त्रैमासिक परीक्षामा पाठ १ देखि ५ सम्म पठनपाठन गर्ने ।**

# प्रथम त्रैमासिक परीक्षा २०८०

**कक्षा : ६ विषय : नेपाली पूर्णाङ्क : ५० समय : २ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : २**

देउडा, गुरुकुल, सहानुभूति, समष्टि

क) प्राचीन पद्दतिको शिक्षा केन्द्र ...........

ख) पश्चिम नेपालको लोकगीतमा चल्ने गीतको एक चाल ........

ग) उस्तै खालका वस्तुको मेल .........

घ) अर्काको दुःख, वेदना आदिमा हुने समान अनुभव ..........

**२. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् : २**

क) 'दक्ष' शब्दको उस्तै अर्थ दिने शब्द ............ हो । (अध्यक्ष, सिपालु, उपाध्यक्ष)

ख) 'आकाश' को उल्टो अर्थ दिने शब्द .......... हो । (बादल, पाताल, विद्यालय)

ग) 'आमा' को उस्तै अर्थ दिने शब्द .......... हो । (माता, पिता, आभा)

घ) 'भित्र' को उल्टो अर्थ दिने शब्द ........ हो । (घर, बाहिर, तल)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : २**

नाच्न नजान्ने आँगन टेढो, सुटुक्क

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् : १**

अ) पन्चक पञ्चक पण्चक पोन्चक

आ) विषय बिषय विसय बिशय

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २**

केहि साथिहरु त म सँगै स्वदेश फर्कने तयारीमा हुनुहुन्छ

**६. रेखाङ्कित शब्दहरुको पदवर्ग छुट्याउनुहोस् : २**

हामी काठमाडौं घुम्न जाँदा सेतो झोला त बसमै छुट्यो ।

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : २**

क) रमेश विदेश .......... । (जा : सामान्य वर्तमान)

ख) उनीहरुले पुस्तक ......... ( पढ् : पूर्ण भूत)

ग) म मामाघर ......... । (बस् : अपूर्ण भविष्यत्)

घ) आज पानी ........... । (पर् : सामान्य भविष्यत्)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ३**

क) ऊ घरमा बस्छ । (प्रथम पुरुष)

ख) छोरो स्कुलमा पढ्छ । (स्त्रीलिङ्ग)

ग) तिमी खाना खाऊ । (उच्च आदर)

घ) तिमी सहर जाऊ । (तृतीय पुरुष)

**९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् : ३**

नेपालीहरु विदेश जान्छन् । विदेश गएर प्रगति गर्छन् । विदेशबाट घरपरिवारलाई उपहार ल्याउँछन् । घरमा आएपछि सामाजिक काममा सक्रिय हुन्छन् ।

**प्रश्नहरु :**

क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका १/१ शब्द लेख्नुहोस् ।

ख) अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको कारक र विभक्ति लेख्नुहोस् ।

**१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : ४**

नेपाललाई चारैतिरबाट भूमिले घेरेको छ । समुन्द्रसँग नेपालको सीमा नजोडिएकाले नेपाललाई भूपरिवेष्ठित राष्ट्र भनिन्छ । नेपालको उत्तरपट्टी विशाल राज्य चीन पर्दछ भने पूर्व, दक्षिण र पश्चिम भारत पर्दछ । नेपाललाई हिमाल, पहाड र तराई गरी तिन भागमा बाडिएको छ । हिमालमा बाह्रै महिना हिउँ जमिरहन्छ । पहाडमा हरिया डाँडाहरु छने भने तराई समथर फाँट छ । नेपालमा अत्यन्त चिसो, अत्यन्त तातो र चिसो न तातो सबै किसिमको हावापानी पाइन्छ । नेपालमा अनेक जातजातिका मानिसहरु बसोवास गर्दछन् । त्यसैले नेपाललाई चार जात छत्तिस वर्णको फूलबारी भनिएको हो । नेपालमा धेरै वनजङ्गल र जङ्गली जनावरहरु पनि छन् । आजकाल वनजङ्गल मासिँदै जान र जनावरहरु पनि लोप हुँदै जान थालेका छन् । यिनको पनि संरक्षण गर्नुपर्छ ।

**प्रश्नहरु :**

क) नेपाललाई किन भूपरिवेष्ठित राष्ट्र भनिएको हो ?

ख) नेपालको चारैतिर कुन कुन देशहरु छन् ?
ग) नेपालमा कस्तो कस्तो हावापानी पाइन्छ ?
घ) आजकाल वनजङ्गल र जनावरहरु के हुँदै गएका छन् ?

**११. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गर्नुहोस् : ४**

विद्यार्थी जीवन असल बानी विकासको समय हो । यस समयमा जे जस्तो बानीको विकास गर्‍यो उही बानी जीवनभरि रहने गर्दछ । त्यसैले यस समयमा खानपान र उठबसमा विशेष ध्यान दिनुपर्छ । आफ्नो शरीर र व्यक्तित्वलाई फाइदा नपुग्ने कुराबाट टाढा रहनुपर्छ । यसो गर्न सके जीवनको सुखभोग गर्न सकिन्छ । जीवनमा परिश्रमी बन्नुपर्छ । परिश्रम गर्ने बानी पनि यही समयदेखि बसाउँदै गरियो भने जीवन भोगाइ सजिलो हुन्छ ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ३**

**क) दिइएका बुँदाका आधारमा जीवनी लेख्नुहोस् :**

नाम : लक्ष्मीप्रसाद देवकोटा
जन्म : वि. सं. १९६६
जन्मस्थान : काठमाडौँ
वास्तविक नाम : तिर्थमाधव देवकोटा
शिक्षा : बि. ए., बि. एल
प्रमुख कार्य र प्रवृत्ति :

- अत्यन्त छिटो कविता लेख्ने
- नेपाली भाषाका सबैभन्दा ठुला कवि
- मुनामदन जस्तो नेपाली भाषाको सबैभन्दा चर्चित पुस्तकको रचना
- मानिसका मनका पीडालाई कवितामा व्यक्त गरेका
- कविता एक पटक लेखेपछि फेरि नसच्याउने

प्रकाशित पुस्तकहरु : मुनामदन, शाकुन्तल, भिखारी
सम्मान : महाकविको उपाधि
मृत्यु : वि.सं. २०१६

**ख)** “शिक्षाको महत्त्व” शीर्षकमा दुई साथीबिच भएको कुराकानीलाई समेटी एउटा संवाद लेख्नुहोस् ।

**१३. कुनै एक प्रश्नको भाव विस्तार गर्नुहोस् : ३**

क) छैनन् पराइै सब भाइभाइ
आमा ! पुकार्छन् सबले मलाई ।
ख) विविधतामय चालचलन नै नेपाली संस्कृति हो ।

**१४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४**

**क) दिइएको कविताको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

हिमाल मेरो अति उच्च माथ
पहाड छाति र मधेस काख
म एक मान्छेसरि पूर्ण ठान
यी अङ्ग मेरा सब हुन् समान

**प्रश्नहरु :**

अ) पहाडलाई कुन अङ्गका रुपमा चिनाएको छ ?
आ) भूगोलका हिसाबले नेपाललाई कुन कुन भागमा बाडिएको छ ?
इ) नेपालको सबैभन्दा माथिल्लो भाग कुन हो ?
ई) यस कविताको आशय के हो ?

**ख) दिइएको निबन्धको अंश पढी रोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

नेपालीले पाहुनालाई देवता मान्ने चलन छ । आफूले जे जस्तो खाए पनि पाहुनालाई मिठो खुवाउने नेपाली चलन छ । जननी र जन्मभूमिलाई स्वर्गभन्दा पनि महान् ठान्ने परम्परा छ । सामाजिक हितका लागि पाटीपौवा, बाटोघाटो र पुलपुलेसा बनाउने चलन छ । नेपालीको दान गर्ने बानी प्रशंसनीय छ ।

**प्रश्नहरु :**

अ) नेपालीले पाहुनालाई के मान्दछन् ?
आ) नेपालीले सामाजिक हितका लागि के के बनाउँछन् ?
इ) नेपालीको कुन बानी प्रशंसनीय मानिएको छ ?
ई) जननी र जन्मभूमि के लाई भनिन्छ ?

**१५. कुमार यवक्रीतका ठाउँमा तपाई हुनुभएको भए के गर्नुहुन्थ्यो ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् : ३**

**१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् : ५**

**क) सङ्गीतकार अम्बर गुरुङ जीवनीको अंश पढी उत्तर दिनुहोस् :**

अम्बर गुरुङले सङ्गीतका माध्यमबाट देश र जनताको सेवामा आफूलाई समर्पण गरे । उनको स्वर, सङ्गीत र रचनाले नेपाली सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा प्रथम उपकुलपतिसमेत भए ।

**प्रश्न :**

अम्बर गुरुङले नेपाली गीत सङ्गीतका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् ।

**ख) नेपाली संस्कृति निबन्धको अंश पढी उत्तर लेख्नुहोस् :**

जाति, भाषा र भूगोलपिच्छे फरक फरक मूल्य मान्यता भए जस्तै धार्मिक आस्थका दृष्टिले पनि नेपालीहरुमा विविधतामा एकता पाइन्छ । पूर्वीय आर्य सभ्यताका अनुयायीहरु हिन्दुधर्ममा विश्वास गर्छन ।

**प्रश्न :**

नेपाल सांस्कृतिक विविधता भएको देश हो भन्ने भनाइलाई नेपाली संस्कृति निबन्धका आधारमा पुष्टि गर्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् : ५**

क) पुस्तकालयको महत्त्व ख) अनुशासन ग) मलाई मनपर्ने पुस्तक

**समाप्त**

## विशिष्टीकरण तालिका
## द्वितीय त्रैमासिक परीक्षा २०८०

**कक्षा : ६ विषय : नेपाली पूर्णाङ्क : ५० समय : २ घण्टा**

| क. सं. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षणीय पक्ष | प्रश्न सं. | उत्तर दिनुपर्ने प्रश्न सं. | अङ्क भार | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ | १ | १ | २ | पाठमा प्रयोग भएका चारओटा शब्द र तिनको अर्थसँग मिल्दो शब्द दिएर खाली ठाउँ भर्न लगाउने । |
| | | शब्द पहिचान | १ | १ | २ | पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थीबाट १/१ ओटा पर्ने गरी खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्यमा प्रयोग | १ | १ | २ | पाठमा प्रयोग भएका उखान/टुक्का, अनुकरणात्मक/पारिभाषिक/निपातबाट १/१ ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| २. | वर्णविन्यास | शुद्ध शब्द पहिचान | १ | १ | १ | पाठमा प्रयोग भएका य/ए, ब/व, श/ष/स, पञ्चम वर्ण मध्ये कुनै दुईओटा बहुबैकल्पिक प्रश्न सोध्ने । |
| | | वाक्य सम्पादन | १ | १ | २ | एउटा शब्दमा एउटा अशुद्धि पर्ने गरी ह्रस्व, दीर्घ, लेख्य चिह्न, पदयोग/पदवियोगबाट १/१ ओटा पर्ने गरी वाक्य सम्पादन गर्न लगाउने |
| ३. | भाषिक संरचना | पदवर्ग पहिचान | १ | १ | २ | नाम, सर्वनाम, विशेषण र क्रियापदबाट ३ ओटा र क्रियायोगी, नामयोगी, संयोजक, बिस्मयादिबोध र निपातबाट १ ओटा पर्ने गरी पदवर्ग पहिचान गर्न लगाउने । |
| | | काल, पक्ष र भाव पहिचान | १ | १ | २ | काल र पक्षबाट ४ ओटा पर्ने गरी सङ्केत अनुसार खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्यान्तरण | १ | १ | ३ | लिङ्ग/वचन/पुरुष/आदरबाट २ र करण अकरणबाट १ पर्ने गरी वाक्य परिवर्तन गर्न लगाउने । |
| ४. | पठनबोध दृष्टांश/अदृष्टांश) | व्याकरणिक बोध (भाषिक संरचना पहिचान) | १ | १ | ३ | गद्य विधाबाट बढीमा १२५ शब्दसम्मको अनुच्छेद दिई उपसर्ग र प्रत्ययबाट बनेका २/२ शब्द पहिचान, रेखाङ्कित शब्दको कारक र विभक्ति पहिचान गर्न लगाउने । |
| | | भाव प्रश्नोत्तर | १ | १ | ४ | गद्य विधाबाट बढीमा १२५ शब्दसम्मको अनुच्छेद दिई चारओटा प्रश्न सोध्ने । |
| ५. | बुँदा टिपोट | गद्य विधा | १ | १ | ४ | गद्य विधाबाट १०० शब्दसम्मको अनुच्छेद दिई चारओटा बुँदा टिपोट गर्न लगाउने । |
| ६. | निर्देशित रचना | कथा/जीवनी, वादविवाद/निवेदन | २ | १ | ३ | बुँदाका आधारमा कथा/जीवनी, वादविवाद/निवेदनबाट दुई प्रश्न सोधी कुनै एकको उत्तर दिन लगाउने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | भावविस्तार/व्याख्या | भावविस्तार/व्याख्या | २ | १ | ३ | पाठमा प्रयुक्त विधाबाट कुनै दुई प्रश्न सोधी एकको उत्तर लेख्न लगाउने । |
| ८. | पाठगत बोध | सन्दर्भमा आधारित अतिसङ्क्षिप्त उत्तरात्मक | २ | १ | ४ | पाठमा दिइएका विधाबाट कुनै दुईओटा सन्दर्भ दिई एकओटाको उत्तर लेख्न लगाउने । |
| | | तार्किक शिल्प | १ | १ | ३ | पाठमा प्रयुक्त विधाबाट सन्दर्भ दिई आफ्ना विचार व्यक्त गर्न लगाउने । |
| | | सन्दर्भमा आधारित लामो उत्तरात्मक | २ | १ | ५ | पाठ्यपुस्तकमा प्रयुक्त विधाबाट सन्दर्भसहित कुनै दुईओटा प्रश्न सोधी एकको उत्तर दिन लगाउने । |
| ९. | निबन्ध लेखन | आत्मपरक र वस्तुपरक | ३ | १ | ५ | एक आत्मपरक र दुई वस्तुपरक निबन्धका शीर्षक दिई १२५ शब्दसम्मको निबन्ध लेख्न लगाउने । |
| जम्मा | | | २३ | १७ | ५० | |

**दोस्रो त्रैमासिक परीक्षामा पाठ ६ देखि १० सम्म पठनपाठन गर्ने ।**

## दोस्रो त्रैमासिक परीक्षा २०८०

**कक्षा : ६ विषय : नेपाली पूर्णाङ्क : ५० समय : २ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : २**

गाथा, साधना, दाँजो, गजब

क) सफलता प्राप्त गर्नका लागि बारम्बार गरिने अभ्यास .....

ख) विशेष किसिमको अनौठो ..........

ग) कसैको प्रशंसा वा स्तुति .........

घ) तुलना गरेर हेर्ने काम .........

**२. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् : २**

क) 'पर्वत' को उस्तै अर्थ दिने शब्द ............ हो । (हिउँ, शिखर, पहरा)

ख) 'फेद' को उल्टो अर्थ दिने शब्द .......... हो । ( जरा, टुप्पो, हाँगा)

ग) 'शव' को श्रुतिसमभिन्नार्थी शब्द ......... हो । (सबै, सब, स्वभाव)

घ) 'साँचो' ......... शब्द हो । (पर्यायवाची, विपरीतार्थी, अनेकार्थी)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : २**

बाँदरको हातमा नरिवल, कुपोषण

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् : १**

अ) पूर्वीय, पुर्विय, पूर्वीय, पुरविय

आ) वरस, वर्ष, बर्श बर्ष

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २**

नेपालिहरु वीदेशबाट आउँदा खुशी ले रमाउँछन्

**६. रेखाङ्कित शब्दहरुको पदवर्ग छुट्याउनुहोस् : २**

सुनिलको घर निकै बलियो रहेछ भन्ने कुरा भूकम्पपछि थाहा भयो ।

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : २**

क) उनीहरु मिहिनेत गरी ........ । (पढ् : अपूर्ण वर्तमान)

ख) रमेशले केरा ......... । (किन् : सामान्य भूत)

ग) पेम्बाले हिमाल आरोहण .......... । (गर् : पूर्ण भविष्यत्)

घ) त विद्यालय ........ । (जा : सामान्य वर्तमान)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ३**

क) उनीहरु विद्यालय जान्छन् । (द्वितीय पुरुष)

ख) उनी गीत गाउँछिन् । (पुलिङ्ग)

ग) भाइ पास भएन । (करण)

**९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् : २**

नेपाली संस्कृति विविधताको संस्कृति हो । नेपालमा विभिन्न जातिका फरक फरक संस्कृति छन् । संस्कृतिको विकासमा सबै लाग्नुपर्छ । संस्कृति जोगाउनु हाम्रो अधिकार हो ।

**प्रश्नहरु :**

क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका २/२ शब्द लेख्नुहोस् ।

ख) अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको कारक र विभक्ति लेख्नुहोस् ।

**१०. दिइएको गद्याश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ४**

पानीको उपयोग प्रायः सबै कुरामा हुन्छ । पिउन, खाना पकाउन, लुगा धुन, नुहाउन, सरसफाइ गर्न आदि । पानी ऊर्जाको स्रोत पनि हो । पानीबाट जलविद्युत सञ्चालन गर्न सकिन्छ । विद्युतबाट कलकारखाना चलाउन सकिन्छ । रेडियो, टेलिभिजन, कम्प्युटर जस्ता उपकरण चलाउन सकिन्छ । हाम्रो जीवन र सभ्यताको निर्माणमा पानीको ठुलो महत्व छ ।

**प्रश्नहरु :**

क) पानीको उपयोग के के मा हुन्छ ?

ख) पानीबाट के सञ्चालन गर्न सकिन्छ ?

ग) विद्युतबाट के कस्ता उपकरण चलाउन सकिन्छ ?

घ) सभ्यता र उपकरणको अर्थ लेख्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गर्नुहोस् : ४**

स्वस्थ भनेको निरोगी अवस्था हो, तन्दुरुस्ती हो । मानसिक उद्वेग र चिन्तारहित अवस्था हो । मानिसले जम्मा गर्ने सम्पत्ति त केवल साधन मात्रै हो । साध्य त स्वास्थ्य नै हो । हामी सम्पत्तिरुपी साधनको उपयोग गरेर खाद्यान्न किन्छौँ । हामी जाडो गर्मी छल्न लताकपडा किन्छौँ । हामी स्वास्थ्यकै सुरक्षाका लागि घरमहल बनाउँछौँ । कुनै कारणवश स्वास्थ्यमा गडबडी आयो भने रोगमुक्त हुन हामीसँग भएको सम्पत्ति सबै खर्च गर्छौं ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ३**

**क) दिइएका बुँदाका आधारमा एउटा कथा तयार पार्नुहोस् : ३**

एकादेशमा सिंह र स्याल ............. मिलेर बस्नु ..........सँग आहारा खोज्नु .........एक दिन म ठुलो हुँ भन्ने घमण्ड हुनु ........ दुवैले एक अर्कालाई झम्टनु ......... खोल्सामा रगताम्म भई लड्नु .......... अझै लड्न नछोड्नु .......... ठुलो पानी पर्नु ........ पहिरो आउनु .........भाग्न नसक्नु ......... दुवैलाई पहिरोले दुवैको मृत्यु हुनु ।

**ख) आफू बिरामी भएका कारणले दुई दिन विद्यालय आउन नसक्ने कुराको जानकारी गराउँदै विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।**

**१३. कुनै एकको भाव विस्तार गर्नुहोस् : ३**

क) देशबन्धुहरु हो उठ जाग ।
लाग उन्नतिविषे अब लाग ॥

ख) तिललाई पहाड बनाउनेहरुले जेसुकै भनुन् तर हामी उनीहरुको कहिल्यै नराम्रो सोच्नै सक्दैनौ ।

**१४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४**

**क) दिइएको कविताको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

हामीहरु पनि लौ अब जागौं
देश उन्नतिविषे सब लागौं
घोर नीद अब ता परित्यागौं
भो भयो अति सुत्यौं अब जागौं ।

**प्रश्नहरु :**

अ) यो अंश कुन कविताबाट झिकिएको हो ?

आ) कवितामा के त्यागौं भनिएको छ ?

इ) कवितामा के गर्न लागौं भनिएको छ ?

ई) कवितामा कसलाई जागौं भनेको हो ?

**ख) दिइएको कथाको अंश पढी रोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

भैगो कल्पना, म दुःखीलाई बचाउन नखोज । हाँस्न देऊ मेरो गरिबीमाथि, आखिर म सहनै जन्मेकी रहिछु, सहिदिन्छु । यिनीहरुलाई गरिबीको पीडा कति कठोर हुन्छ, कति दुःखदायी हुन्छ के थाहा ?

**प्रश्नहरु :**

अ) माथिको अनुच्छेदमा कुन कथाबाट झिकिएको हो ?

आ) कसलाई बचाउन नखोज भनिएको छ ?

इ) गरिबी हटाउन के गर्नुपर्ला ?

ई) गरिबीको पीडा कसले बुझेको हुन्छ ?

**१५. गरिमा र मालिकाको मिलाप नभएको भए उनीहरुका आमाबुबाको झगडा अन्त्य हुन्थ्यो कि हुँदैनथ्यो होला, तार्किक उत्तर दिनुहोस् : ३**

**१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् : ५**

क) सङ्गीतकार अम्बर गुरुङ जीवनीको अंश पढी उत्तर दिनुहोस् :

अम्बर गुरुङले सङ्गीतका माध्यमबाट देश र जनताको सेवामा आफूलाई समर्पण गरे । उनको स्वर, सङ्गीत र रचनाले नेपाली सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा प्रथम उपकुलपतिसमेत भए ।

**प्रश्न :**

अम्बर गुरुङले नेपाली गीत सङ्गीतका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् ।

**ख) मातृभूमिको आवाज कविताको तलको अंश पढी उत्तर लेख्नुहोस् :**

दौरा र कुर्ता अनि बक्खु लाऔँ
घलेक सारी तनमा सजाऔँ
गौरा खुलोस् सुन्दर डेउडामा
नेपाल हाँसोस् मिथिला कलामा ।

**प्रश्न :**

मातृभूमिको आवाज कविताको मूल भाव लेख्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् : ५**

क) मेरो गाउँ ख) समयको महत्त्व ग) नेपालमा पर्यटन व्यवसाय

**समाप्त**

## विशिष्टीकरण तालिका
## तेस्रो त्रैमासिक तथा वार्षिक परीक्षा २०८०

**कक्षा : ६ विषय : नेपाली पूर्णाङ्क : ५० समय : २ घण्टा**

| क्र. सं. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षणीय पक्ष | प्रश्न सं. | उत्तर दिनुपर्ने प्रश्न सं. | अङ्क भार | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ | १ | १ | २ | पाठमा प्रयोग भएका चारओटा शब्द र तिनको अर्थसँग मिल्दो शब्द दिएर खाली ठाउँ भर्न लगाउने । |
| | | शब्द पहिचान | १ | १ | २ | पर्यायवाची, विपरीतार्थी, अनेकार्थी/श्रुतिसमभिन्नार्थी, समावेशक/लघुतावाची/सिङ्गो शब्द १/१ ओटा पर्ने गरी खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्यमा प्रयोग | १ | १ | २ | पाठमा प्रयोग भएका उखान/टुक्का, अनुकरणात्मक/पारिभाषिक/निपातबाट १/१ ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| २. | वर्णविन्यास | शुद्ध शब्द पहिचान | १ | १ | १ | पाठमा प्रयोग भएका य/ए, ब/व, श/ष/स, पञ्चम वर्ण मध्ये कुनै दुईओटा बहुवैकल्पिक प्रश्न सोध्ने । |
| | | वाक्य सम्पादन | १ | १ | २ | एउटा शब्दमा एउटा अशुद्धि पर्ने गरी ह्रस्व, दीर्घ, लेख्य चिह्न, पदयोग/पदवियोग/चन्द्रबिन्दु/शिरबिन्दुबाट १/१ ओटा पर्ने गरी वाक्य सम्पादन गर्न लगाउने |
| ३. | भाषिक संरचना | पदवर्ग पहिचान | १ | १ | २ | नाम, सर्वनाम, विशेषण र क्रियापदबाट ३ ओटा र क्रियायोगी, नामयोगी, संयोजक, बिस्मयादिबोध र निपातबाट १ ओटा पर्ने गरी पदवर्ग पहिचान गर्न लगाउने । |
| | | काल, पक्ष र भाव पहिचान | १ | १ | २ | काल र पक्षबाट ३ ओटा र भावबाट १ ओटा पर्ने गरी सङ्केत अनुसार खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्यान्तरण | १ | १ | ३ | लिङ्ग/वचन/पुरुष/आदरबाट २ र करण अकरणबाट १ पर्ने गरी वाक्य परिवर्तन गर्न लगाउने । |
| ४. | पठनबोध दृष्टांश/अदृष्टांश) | व्याकरणिक बोध (भाषिक संरचना पहिचान) | १ | १ | ३ | गद्य विधाबाट बढीमा १२५ शब्दसम्मको अनुच्छेद दिई उपसर्ग र प्रत्ययबाट बनेका १/१ शब्द पहिचान, समास र द्वित्वबाट बनेका १/१ शब्द पहिचान, रेखाङ्कित शब्दको कारक र विभक्ति पहिचान गर्न लगाउने । |
| | | भाव प्रश्नोत्तर | १ | १ | ४ | गद्य विधाबाट बढीमा १२५ शब्दसम्मको अनुच्छेद दिई चारओटा प्रश्न सोध्ने । |
| ५. | बुँदा टिपोट | गद्य विधा | १ | १ | ४ | गद्य विधाबाट १०० शब्दसम्मको अनुच्छेद दिई चारओटा बुँदा टिपोट गर्न लगाउने । |
| ६. | निर्देशित रचना | कथा/जीवनी, चिठी/संवाद/वादविवाद/निवेदन | २ | १ | ३ | बुँदाका आधारमा कथा/जीवनी, चिठी/संवाद/वादविवाद/निवेदनबाट दुई प्रश्न सोधी कुनै एकको उत्तर दिन लगाउने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | भावविस्तार/व्याख्या | भावविस्तार/व्याख्या | २ | १ | ३ | पाठमा प्रयुक्त विधाबाट कुनै दुई प्रश्न सोधी एकको उत्तर लेख्न लगाउने । |
| ८. | पाठगत बोध | सन्दर्भमा आधारित अतिसङ्क्षिप्त उत्तरात्मक | २ | १ | ४ | पाठमा दिइएका विधाबाट कुनै दुईओटा सन्दर्भ दिई एकओटाको उत्तर लेख्न लगाउने । |
| | | तार्किक शिल्प | १ | १ | ३ | पाठमा प्रयुक्त विधाबाट सन्दर्भ दिई आफ्ना विचार व्यक्त गर्न लगाउने । |
| | | सन्दर्भमा आधारित लामो उत्तरात्मक | २ | १ | ५ | पाठ्यपुस्तकमा प्रयुक्त विधाबाट सन्दर्भसहित कुनै दुईओटा प्रश्न सोधी एकको उत्तर दिन लगाउने । |
| ९. | निबन्ध लेखन | आत्मपरक र वस्तुपरक | ३ | १ | ५ | एक आत्मपरक र दुई वस्तुपरक निबन्धका शीर्षक दिई १२५ शब्दसम्मको निबन्ध लेख्न लगाउने । |
| जम्मा | | | २३ | १७ | ५० | |

**तेस्रो त्रैमासिक परीक्षामा पाठ ११ देखि १४ सम्म पठनपाठन गर्ने ।**

## तेस्रो त्रैमासिक परीक्षा तथा वार्षिक परीक्षा २०८०

**कक्षा : ६ विषय : नेपाली पूर्णाङ्क : ५० समय : २ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : २**

परिवेश, अपरेटर, छेलोखेलो, सप्तर्षि

क) फालाफाल हुने स्थिति ...............

ख) ध्रुवतारालाई परिक्रमा गर्ने सातओटा ताराहरुको समूह...............

ग) मेसिन चलाउने व्यक्ति ................

घ) चारैतिरको वातावरण ................

**२. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् : २**

क) ‘जगत’ को उस्तै अर्थ दिने शब्द ............ हो । (अनाथ, संसार, निष्पक्ष)

ख) ‘सत्मार्ग’ को उल्टो अर्थ दिने शब्द .......... हो । (सुमार्ग, मार्ग, कुमार्ग)

ग) ‘कृति’ को श्रुतिसमभिन्नार्थी शब्द ......... हो । (कीर्ति, प्रीति, स्वीकृति)

घ) ‘दुध’ को लघुतावाची शब्द .......... । (चोइटो, टुक्रो, तुर्को)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : २**

श्रीगणेश गर्नु, शिलालेख

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् : १**

अ) सारीरिक शारीरिक षारीरिक शारिरिक

आ) बकिल वकील वकिल बकील

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २**

मैले हजूरआमा लागि औषधि किनेर ल्याए

**६. रेखाङ्कित शब्दहरुको पदवर्ग छुट्याउनुहोस् : २**

मोनिका विद्यालय जादै थिइन् । उनले बाटामा ज्यादै ठुलो सर्प देखिन् । त्यसपछि चिच्याएर भागिन् । साथीहरुले भनिन्, “ओहो ! मोनिकालाई के भएछ ।”

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : २**

क) प्रवेश गाउँलाई घाँस .......... । (दि : अपूर्ण भूतकाल)

ख) क्रिष्टिनाले भलिबल .......... । (खेल् : पूर्ण वर्तमान काल)

ग) छेदेन अर्को वर्ष सात कक्षामा ............ । (पढ् : सामान्य भविष्यत् काल)

घ) तिमी खाजा .......... । (खा : आज्ञार्थ)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ३**

क) म सगरमाथा चढ्छु । (तृतीय पुरुष)

ख) राधा बाँसुरी बजाउँछिन् । (पुलिङ्ग)

ग) तिमीले रमाइलो कथा सुनायौ । (अकरण)

**९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् : ३**

आजका साना साना बालबालिकाले भोलि देश हाक्नुपर्छ । त्यसकारण बालबालिकालाई भविष्यका कर्णाधार भन्ने गरिएको छ । बालबालिकाले व्यक्तिगत मात्र होइन सामाजिक क्षेत्रका कार्यमा पनि चासो राख्नुपर्छ । नियमित रुपमा विद्यालय गएर लेखपढ गर्नुपर्छ । अमूल्य समय खेर

फाल्नु हुँदैन । प्रगतिका लागि अनुशासन अपरिहार्य हुन्छ । सफल व्यक्ति बन्नका लागि समय तालिका बनाउनुपर्छ । आफूभित्रको प्रतिभा चिन्न सक्नुपर्छ । निरन्तर प्रयासले मात्र मानिस आआफ्ना लक्ष्यमा पुग्न सक्छन् । हामीले अहिल्यैदेखि भविष्यका बारेमा सोच्नुपर्छ ।

**प्रश्नहरु :**

क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका १/१ शब्द लेख्नुहोस् ।

ख) अनुच्छेदबाट १/१ ओटा समास र द्वित्व शब्द लेख्नुहोस् ।

ग) अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको कारक र विभक्ति लेख्नुहोस् ।

**१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : ४**

यार्सागुम्बा बहुउपयोगी जडीबुटी हो । यो आधा किरा र आधा वनस्पतिको प्रजातिका रुपमा पाइन्छ । त्यसैले यार्सागुम्बा प्रकृतिको रहस्यमय उपहार हो । यो तिन हजारदेखि पाँच हजार मिटरसम्मको उचाइ पाइन्छ । हिमाली क्षेत्रम हिउँ पग्लने क्रमसँगै यार्सागुम्बा देखिन थाल्छ । सुरुमा लार्भा देखिने यार्सागुम्बा च्याउका  रुपमा विकसित हुन्छ । यसको आधा भाग चाहिँ जमिनमुनि वनस्पतिको जराका रुपमा रहन्छ । यार्सागुम्बा आयुर्वेदिक औषधी हो । यसलाई रक्तअल्पता, क्यान्सर, दम, रक्तचापजस्ता रोगको उपचारका लागि प्रयोग गरिन्छ । यार्सागुम्बाले रोगप्रतिरोधात्मक क्षमता पनि बढाउँछ ।

**प्रश्नहरु :**

क) यार्सागुम्बाका दुईओटा विशेषता लेख्नुहोस् ।

ख) यार्सागुम्बा कति उचाइसम्म पाइन्छ ?

ग) सुरुमा यार्सागुम्बा कुन रुपमा देखिन्छ ?

घ) यार्सागुम्बालाई किन बहुउपयोगी जडीबुटी मानिन्छ ?

**११. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गर्नुहोस् : ४**

नेपालीले पाहुनालाई देवता मान्ने प्रचलन छ । आफूले रुखोसुखो खाए पनि अतिथिलाई मिठोमसिनो खुवाउने नेपाली चलन छ । जननी र जन्मभूमिलाई स्वर्गभन्दा पनि महान् ठान्ने परम्परा छ । सामाजिक हितका लागि पाटीपौवा, बाटोघाटो  र पुलपुलेसा बनाउने चलन छ । नेपालीको दान गर्ने बानी प्रशंसनीय छ । समुदायमा जिउँदो छँदा जन्ती र मर्दा मलामी जाने प्रचलन छ । मारुनी, बालन र सोरठीका भाकामा टुङ्ना, डम्फू, च्याङबुङ, मादल र मुरलीको कलात्मक संयोजन छ ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ३**

क) दिइएका बुँदाका आधारमा जीवनी लेख्नुहोस् :

नाम : शुक्रराज शास्त्री

जन्म : वि. सं. १९५०

जन्मस्थान : काठमाडौँ

माता : रत्नमाया जोशी

पिता : माधवराज जोशी

शिक्षा : संस्कृतमा शास्त्री र अङ्ग्रेजीमा स्नातक

सङ्घर्ष र योगदान :

- वि.सं १९९३ मा नागरिक अधिकार समितिको सदस्यता लिएका
- भारतमा रहँदा महात्मा गान्धीसँग भेट भएपछि राजनीतिमा लागेका
- वि.सं. १९९५ मा राणा विरोधी सभा आयोजना
- जनतालाई राणा शासनको विरुद्धमा लाग्न आह्वान गरेका
- राणा शासकले गिरफ्तार गरी जेलमा हालेका
- देश र जनताको भलाइका लागि मृत्यु रोजेका अमर सहिद
- मृत्यु : वि.सं. १९९७ माघ १० गते

**ख) "विलासी जीवनभन्दा सादा जीवन उच्च हुन्छ" भन्ने शीर्षकमा विपक्षी साथीका तर्कको खण्डन गर्दै पक्षबाट वादविवाद लेख्नुहोस् ।**

**१३. कुनै एकको भाव विस्तार गर्नुहोस् : ३**

क) संस्कार बाँचेपछि देश बाँच्छ

मनुष्य हाँसे परिवेश हाँस्छ

ख) समस्या भए समाधान पनि त निस्किन्छ नि ।

**१४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४**

क) दिइएको कविताको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

लेकै हेरुँ लालीगुराँस बेँसी हेरुँ प्याउली<br>
पीरति बास्ने परेवा विरह बोल्ने न्याउली ।<br>
हिमाल छुन्छु बेलुकी सप्तर्षीका ताँतीले

जुनेली रात बिताउँछन् गाउँदागाउँदै साथीले

**प्रश्नहरु :**

अ) केले हिमाल छुन्छ ?

आ) लालीगुराँस कहाँ फुल्छ ?

इ) माथिको श्लोकमा कुन कुन ठाउँ समेटिएको छ ?

ई) "हिमाल छुन्छ बेलुकी सप्तर्षिका ताँतील" भन्नुको तात्पर्य के हो ?

**ख) दिइएको निबन्धको अंश पढी रोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

पोखरा उपत्यका र काठमाडौं उपत्यकाको उत्पत्तिमा पानीले धेरै काम गरेको हुनुपर्छ । पोखरा सेती गण्डकीको उपत्यका हुनुपर्छ र काठमाडौँ उपत्यका यहाँका बाग्मती, विष्णुमती आदि नदीहरुले बनाएको उपत्यका हो । मानिसहरु भन्छन्, "काठमाडौँ खाल्डो उहिले एउटा ताल थियो र पछि यहाँको पानी चोभारको गल्छी काटेर बगाइएको थियो । यसरी काठमाडौँ सहर बसालिएको थियो ।

**प्रश्नहरु :**

अ) माथिको अनुच्छेदमा कुन कुन उपत्यकाको चर्चा गरिएको छ ?

आ) उहिले काठमाडौँ खाल्डोमा के थियो ?

इ) काठमाडौँको पानी कहाँबाट बगाइएको थियो ?

ई) काठमाडौँमा कसरी बस्ती बसालियो ?

**१५. "चम्किला अनुहारहरु" कथाको शीर्षक उपयुक्त छ वा छैन ? आफ्ना तर्क लेख्नुहोस् : ३**

**१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् : ५**

**क) सङ्गीतकार अम्बर गुरुङ जीवनीको अंश पढी उत्तर दिनुहोस् :**

अम्बर गुरुङले सङ्गीतका माध्यमबाट देश र जनताको सेवामा आफूलाई समर्पण गरे । उनको स्वर, सङ्गीत र रचनाले नेपाली सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा प्रथम उपकुलपतिसमेत भए ।

**प्रश्न :**

अम्बर गुरुङले नेपाली गीत सङ्गीतका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् ।

**ख) मायाको घर कथाको अंश पढी उत्तर लेख्नुहोस् :**

हजुरआमाले नातिलाई हेर्दै मुस्कुराउनुभयो र स्यावास मेरो नाति भन्दै रित्तो गिलास लिएर भित्र पस्नुभयो । नकुल विद्यालय जाने तयारीमा जुत्ता लगाउँदै थियो । हजुरआमा हातमा स्विटर बुन्दै आएर नकुललाई भन्नुभयो, "म मेरो प्यारो नातिलाई जाडो हुन्छ भनेर स्विटर बुन्दै छु । खै त, यो स्विटर नापौँ । यसपालिको जाडोमा मेरो नातिलाई नयाँ स्विटर, हा....हा.....।"

**प्रश्न :**

"आमाको घर" कथामा कस्तो पारिवारिक वातावरण समेटिएको छ ? स्पष्ट पार्नुहोस् ।

**१६. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् : ५**

क) मेरो देश ख) वातावरण संरक्षण ग) शिक्षाको महत्त्व

**समाप्त**